मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20C

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, भदौ १२ गते २०५४ साल (अतिरिक्ताङ्क २३ (ख+१)

## भाग ३

श्री ५ को सरकार

## शिक्षा मन्त्रालयको सूचना

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यका पाँचवटा विकास क्षेत्रहरू अन्तर्गतका जिल्लाका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूमा रिक्त रहेका शिक्षक पद स्थायी पूर्ति गर्न २०५२ सालको विभिन्न मितिमा प्रकाशित विज्ञापन अनुसार २०५३ साल बैशाख महिनामा लिइएको लिखित परीक्षाको २०५३ साल माघ महिनामा नतिजा प्रकाशन भई विभिन्न विकास क्षेत्रमा विभिन्न मितिमा शुरू भएको अन्तरवार्ता कार्यक्रम यस मन्त्रालयले स्थगित गरेकोमा उक्त परीक्षामा भएको अनियमितताको सम्बन्धमा जाँचबुझ गर्न देहाय बमोजिमको एक उच्चस्तरीय शिक्षक छनौट सम्बन्धी जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समेत देहाय बमोजिम तोकेको छ ।

१. आयोगको गठन:

(क) सर्वोच्च अदालतका सेवा निवृत्त न्यायाधीश
श्री महेशरामभक्त माथेमा — अध्यक्ष

(ख) प्राध्यापक डा. विदुर उपाध्याय — सदस्य

(ग) सरकारी अधिवक्ता श्री नन्दबहादुर सुबेदी — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आयोगको काम, कर्तव्य र अधिकार :

(क) नेपाल अधिराज्यका पाँचवटा विकास क्षेत्रहरू अन्तर्गतका जिल्लाका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूमा रिक्त रहेको शिक्षक पद पूर्ति गर्न २०५३ साल बैशाखमा लिइएको लिखित परीक्षामा भएको अनियमितताको साथै उक्त परीक्षा सम्बन्धी अन्य त्रुटी, कमजोरी समेतको विस्तृत अध्ययन र छानविन गरी अनियमित भएको भए कसको वद्नियतबाट त्यस्तो काम हुन गएको हो र तत्सम्बन्धमा के कस्तो कारवाही गर्नुपर्छ र शिक्षक छनौटको कारवाही कसरी अघि बढाउने भन्ने सम्बन्धमा समेत राय ठहर साथ प्रतिवेदन पेश गर्ने ।

(ख) आयोगलाई जाँचबुझ आयोग ऐन, २०२६ को दफा ४ र ६ मा उल्लेख भए बमोजिमको अधिकार हुनेछ ।

३. आयोगको कार्यावधि : आयोगको कार्यावधि आयोगका अध्यक्ष तथा सदस्यहरूले सपथ ग्रहण गरेको मितिले पैंतालीस दिन हुनेछ ।

४. आयोगको कार्यविधि : आयोगको कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२९०
मुद्रण विभाग सिंहदरबार